कार्यसूचिको प्रस्ताव नं ३ संग सम्बन्धित निर्णय

३. पनौती नगरपालिकाको तेस्रो नगर सभामा वडा अध्यक्ष श्री मोहनबहादुर भण्डारीबाट पेश भएको बिनियोजन बिधेयक ०७५/७६ का सम्बन्धमा भएको छलफल समेतका आधारमा उक्त विधेयक स्वीकृतिको लागि पेश गरिएकोमा सो प्रस्ताव सर्वमम्मतिबाट पारित गरियो ।

विस्तृत विवरण अनुसूची ३ मा उल्लेख छ ।

कार्यसूचिको प्रस्ताव नं. ४ संग सम्बन्धित निर्णय

४. पनौती नगरपालिकाको तेस्रो नगर सभामा उप प्रमुख श्री गीता बन्जाराबाट पेश भएको आ.ब. ०७५/७६ को बजेट बक्तब्य (आय अनुमान र बित्तिय परिचालनको आधारमा कुल जम्मा रू. ८८ करोड ६१ लाख ४८ हजार) को सम्बन्धमा भएको छलफल समेतका आधारमा राजश्व तथा अनुदान प्राप्तिको अनुमान, वडा कार्यालय मार्फत हुने बजेट खर्च सीमा र मापदण्ड वडा स्तरिय फोहरमैला ब्यबस्थापन सम्बन्धी नीतीगत ब्यवस्था, कार्य क्षेत्रगत बार्षिक बिकास समेतको प्रस्ताव स्वीकृतीको लागि नगर सभा समक्ष पेश गरिएकोमा सो प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो ।

विस्तृत विवरण अनुसूची ४ (क) (ख) (ग) (घ) र (ङ) मा उल्लेख छ ।

कार्यसूचिको प्रस्ताव नं. ५ संग सम्बन्धित निर्णय

५. पनौती नगरपालिकाको तेस्रो नगर सभामा नगर कार्यपालिका सदस्य श्री निला अधिकारीबाट पेश भएको न्यायिक समितिको कार्यविधि विधेयक २०७५ को विस्तृत छलफल समेतका आधारमा उक्त विधेयक स्वीकृतिको लागि पेश गरिएकोमा सो प्रस्ताव संर्वसम्मतिबाट पारित गरियो ।

विस्तृत विवरण अनुसूंची ५ मा उल्लेख छ ।

कार्यसूचिको प्रस्ताव नं. ६ संग सम्बन्धित निर्णय

६. पनौती नगरपालिकाको तेस्रो नगर सभामा वडा अध्यक्ष श्री शहकुलकुमार हुमागाईबाट पेश भएको प्रशासकीय कार्यविधि विधेयक ०७५ को विस्तृत छलफल समेतका आधारमा उक्त बिधेयक स्वीकृतीको लागि नगर सभामा पेश गरिएकोमा सो प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो ।

विस्तृत विवरण अनुसूची ६ मा उल्लेख छ ।

शिम न्यौपाने
प्रमुख